# कुखुरामा लाग्ने रानिखेत रोग

- मदन कुमार सुवेदी

## जे.टी.ए. र बुढी आमा

**गाँउको वातावरण**

स्थान :- कृषि सेवा केन्द्र

बुढिआमा :- (आउदै) नमस्कार है जे.टे.ए. बाबु ?

जे.टी.ए :- ओ हो ......... नमस्कार बुढीआमा, सन्चै हुनुहुन्छ ? वसौ ।

बुढिआमा :- सन्चै भन्नु पऱ्यो बाबु । यी .... अहिले सम्म पशु सेवा केन्द्र धाउदै छु । लौ म त यतै बसे बाबु ।

जे.टी.ए :- ठिक छ आमा सजिलो गरी बस्नु होला । अनि आमा आज कति कामले हामीलाई सम्झनु भयो त ?

बुढिआमा :- तिर्खा नलागी खोला धाउदैन भन्या झै समस्या नपरी म पनि किन पशु सेवा आउथे होला र ।

जे.टी.ए :- के पऱ्यो भन्नोस न त आमा ।

बुढिआमा :- ए बाबु । मैले कुखुरा पालन गऱ्या त तिमिलाई थाहा नै छ ।

जे.टी.ए :- थाहा छ आमा । के भयो र तपाईले पाल्नु भएको कुखुरालाई ?

बुढिआमा :- मैले पालेको कुखुरा त हैन बाबु । जुटे पानीको कान्छाले पालेको कुखुलाई रोग लागेछ ।आँखा सुनिएर कालो देखिने , सिउर लोति निलो हुने, आँखाबाट आँसु झरीरहने के भएको होला जे.टी.ए बाबु । मैले पालेको कुखुलाई पनि त्यस्तै भयो भने ...........

जे.टी.ए :- तपाईले भनेको लक्षण अनुसार कान्छा दाईले पालेको कुखुरालाई रानीखेत भन्ने रोग लागेको हुन सक्छ ।

बुढिआमा :- यो रानीखेत भन्ने रोग कुखुरामा के कारणले लाग्छ । जे.टी.ए बाबु ?

जे.टी.ए :- यो कुखुरामा लाग्ने रानीखेत भन्ने रोग, पारामिक्सोभाइरस समूहको न्युक्यासल विषाणुका तीन बटा स्ट्रोनहरु लेन्टोजेनिक, मेसोजेनिक र भेलोजेनिक हुन्छन ।

बुढिआमा :- ए....... भन बाबु भन ........

जे.टी.ए :- ती ३ स्ट्रेनहरु मध्ये भेलोजेनिक स्ट्रोनले अतिनै छिटो कुखुरमा माहामारी फैल्याइ व्यापक रुपमा कुखुराहरु मर्ने गर्छन ।

बुढिआमा :- ओ हो ......... सारै डरलाग्दो पो रछेत । यो सरुवा रोग हो बाबु ।

जे.टी.ए :- हो आमा । यो रानीखेत भन्ने सरुवारोग हो ?

बुढिआमा :- कसरी सर्छ बाबु, यो कुखुराको रानीखेत रोगी ? मलाई त सारै डरलाग्यौ ।

जे.टी.ए :- यो रानीखेत रोग, हावा वा धुलोद्धारा रोगी कुखुराको सुलिको माध्यामबाट वा खोक्दा अथाव श्वासप्रश्वासका क्रममा बाहिर निस्केको भाईरस ६-७ महिना सम्म बाच्न सक्छ ।

बुढिआमा :- ए... डरलाग्दो पो रहेछ ।

जे.टी.ए :- हो आमा । त्यसैले यो रानीखेत रोग, रोगी वा मेरको कुखुराबाट मात्र नभई संक्रमित वा कुखुराको खोरमा काम गर्ने कामदार खोरका भाँडा, औजार, दाना पानी अण्डा, सोतर, इन्कुवेटर लगायत विभिन्न पक्षिजन्य समाग्रीहरुबाट पनि सर्नसक्छ ।

बुढिआमा :- लौ फसादै पार्ने रहेछ ।

जे.टी.ए :- अर्को कुरा आमा जंगली चराचुरुङ्गीले पनि टाढा टाढाबाट यो रानिखेत रोगका भाइरस स्वस्थ्य कुखुरामा सार्ने काम गर्छ र दुईवटा प्रणालीलाई असर गरेको देखिन्छ कुखुरामा ।

बुढिआमा :- जति सुन्यो त्यति डालाग्दो । यहि रानीखेत हो भनेर कसरी थाहा पाउने त जे.टी.ए बाबु ?

जे.टी.ए :- यो कुखुरामा लाग्ने रानीखेत रोग श्वासप्रश्वास प्रणाली सम्बन्धी लक्षणहरु रातीमा बढी देखिन्छन । कुखुराले हाच्छिउँ गर्ने, खोक्ने, आँखा बन्द, गर्ने झोकाउने, कुनाकाप्चामा धेरै कुखुरा वा चल्ला एकै प्रकारको अनौठो स्वर निकालेर सुस्त देखिने, एकै ठाउँमा थुप्रिने पतलो सेतो वा हरियो पहेलो सुली छर्ने जस्ता लक्षणहरु देखिने गर्छ । दिउसो राम्रो कुखुरा, यो रोग लाग्दा विहान एक्कासी धेरै संख्याम परेको हुन्छन ।

बुढिआमा :- यो त एउटा किसिम भयो । अनि अर्को कस्तो प्रकारले असर गर्छ त छोरा ।

जे.टी.ए :- अर्को स्नायु प्रणाली सम्बन्धी लक्षणमा पछाडी हिड्ने, फनफनी घुम्ने, सुट्टाको पक्षघात हुने टाउको र घाँटी वटारी टाउँको भुइतिर झार्ने देखिने गर्दछ ।

बुढिआमा :- यो रानीखेत रोग कुखुरामा लाग्यो भने त सखापै पार्ने रहेछ ।

जे.टी.ए :- हो आमा, सखापै पार्छ । त्यस्तै अन्य लक्षणमा तपाईले अघि भने जस्तै आँखा सुनिएर कालो देखिने, आँसु झार्ने, सिउर लोती कालो हुने, लेयर्सले अण्डा उत्पाद कम गर्ने , विना वोक्राको जलजले अण्डा पार्ने हुन्छ । भने यो रोग लाग्दा गर्मिमा ९०-१०० प्रतिशत मृत्यु हुन्छ भने बर्षा वा जाडोमा ५५ प्रतिशत सम्म हुन्छ ।

बुढिआमा :- अनि छोरा, यो कुखुरामा लाग्ने रानिखेत रोगको उपचार गर्ने तरिकाहरु छैन त भन्या ?

जे.टी.ए :- कुरा यसो छ आमा । यो कुखुरामा लाग्ने रानीखेत रोग विषाणुबाट लाग्ने भएको हुदा यस रोगको ठोस उपचार छैन । अझ यो रोगले कुखुराको बथानै सखाप पार्ने क्षमता राख्ने हुदा कतिपय अवस्थामा उपचारै गर्न नपाइने पनि हुन सक्छ ।

बुढिआमा :- रानी खेत रोग लागेर कुखुरा मरेको टुलुटुलु हेरेर वस्ने त छोरा ?

जे.टी.ए :- त्यसो होइन आमा । रोगको प्रारम्भिक अवस्थामै पत्ता लगाउन सके जीवाणुजन्य थप संक्रमण हुन नदिन पशु चिकित्सकको सल्लाहमा एण्टिबायोटिक्स दिन सकिन्छ । यसका साथै अन्य सहयोगी उपचार ( मल्टीभिटामीन तथा रोग संग लड्न सक्ने क्षमता अभिवृद्धि गर्न सघाउ पुऱ्याउने अन्य औषधीहरुको प्रयोग ) गरी कुखुराहरुको मृत्युदर केहि कम गर्न सकिन्छ ।

बुढिआमा :- यो रानीखेत रोकथामको उपाय पनि होलानी त छोरा ?

जे.टी.ए :- छ आमा । रोकथामको उपायहरुमा कुखुरालाई खोप तालिका अनुसार रानीखेत रोगविरुद्धको खोप लगाउने । त्यस्तै फर्म वा खोर सफा र स्वच्छ राख्ने । प्रत्येक लटमा पुरानो सोतर खोरबाट अनिवार्य रुपमा हटाई सफा गर्ने । रोगी वा मरेका कुखुरालाई तुरुन्तै छुट्याएर राख्ने/अनि गहिरो खाडल खनि गाड्ने र चुना राम्रो सँग छर्किने वा आगोले डढाई नष्ट गर्ने ।

बुढिआमा :- रोग नसरोस भन्नको लागी हैनत जे.टी.ए बाबु ।

जे.टी.ए :- हो आमा । अनि फार्म वा कुखुराको खोरमा बहिरी आगुन्तुहरुलाई प्रवेश निषेध गर्ने । सफा, उपचारीत खोरमा कुखुराहरु सवै एकै पटक राख्ने तथा सवै एकै पटक हटाउने प्रणाली लागु गर्ने

बुढिआमा :-यो त जे.टी.ए बाबुले भने अनुसारनै गरौलानी ।

जे.टी.ए :- त्यस्तै रोगी कुखुरासँग लसपस भएका दानापानी खान नदिने र त्यस्लाई नष्ट गर्ने । जंगली तथा घरपालुवा अन्य पशु पंक्षीलाई खोरमा जान नदिने । कुखुराको खोरमा प्रयोग हुने सामान तथा उपकरणलाई नियमित निःसंक्रमण गर्ने ।

बुढिआमा :- रोग लाग्न नदिने उपाय गर्ने अथवा अपनाउने ? हैन त जे.टी.ए बाबु ?

जे.टी.ए :- हो । त्यस्तै, कुखुराको रोग देखिएको खोर वा फर्मलाई सम्पूर्ण कुखुरा हटाईसकेपछि राम्रो सँग निःसंक्रमण गर्ने र कम्तीमा २१ दिन सम्म फेरी कुखुरापालन नगर्ने र जैविक शुरक्षाका अन्य उपयाहरुको पालन उचित दंगले गर्ने ।

बुढिआमा :- भनेपछि यो, कुखुरामा लाग्ने रानिखेत रोग लाग्न नदिन त , कुखुरा पालन गर्ने व्यवसायी कृषकहरु धेरै सजक भएर जैविक शुरक्षा अपनाएर मात्र कुखुरा पालन गर्नु पर्ने रहेछ । हैन त जे.टी.ए बाबु ?

जे.टी.ए :- हो आमा, धेरै कुरामा ध्यान पुऱ्याउनु पऱ्यो, सवै भन्दा बढि त सरसफाईमा ध्यान पुऱ्याउनु पर्छ र रानीखेत रोग विरुद्ध समय समयमा तालीका अनुसार खोप लगाउनुपर्छ आमा । तव मात्र रोगबाट बच्न सकिन्छ ।

बुढिआमा :- लौ छोरा, आज रानीखेत रोगवारे धेरै कुरा थाहा पाए । अरु कुरा पछि गरौला अव चाही लाग्छु पनि म …………

जे.टी.ए :- फेरी फेरी आउदै गर्नु होलानी आमा …….. विस्तारै जानु होला, नमस्कार आमा ।

बुढिआमा :- हस छोरा ………नमस्कार, हरिशरणम्

जे.ए.टी/बुढीआमा

**गाँउको वातावरण**

स्थान :- कृषि सेवा केन्द्र

कृषि सेवा केन्द्रमा भर्मिकम्पोष्टको व्याग नमुनाको लागी तयारी गर्दै/यतिकैमा बुढीआमाको प्रवेश …………

बुढीआमा :- हैन ए जे.टी.ए बाबु यो के गर्न लागेको ?

जे.टी.ए :- ए …….. बुढीआमा नमस्कार है ।

बुढीआमा :- नमस्कार …

जे.टी.ए :- यो आमा नमुनाको लागी भर्मिकम्पोष्ट, अर्थात गड्यौला मल तयार गर्ने भाड बनाउदै गरेको आमा ।

बुढीआमा :- यो गड्यौला मल त सारै राम्रो हुन्छ रे हो जे.टी.ए बाबु ?

जे.टी.ए :- हो आमा, गडयौला मल बाली विरुवाको लागी ज्यादै राम्रो हुन्छ । र यो मलको प्रयोगले माटोको अवस्था पनि सुधार हुन्छ ।

बुढीआमा :- लौ त्यसो भए मलाई पनि यो गडयौला मलको बारेमा सवै कुरा बताई देउ । मैले जानेको कुरा गाँउमा अरुलाई पनि सिकाई दिन्छ ।

जे.टी.ए :- हर्नोस आमा गडयौला जमिन भित्र अध्यारोमा बस्न रुचाउने जीवीत प्राणी हो ।

बुढीआमा :- त्यो त हो हाम्रो खेतवारी तिर पनि छन, मलथुप्रोमा त झन धेरै हुन्छन ।

जे.टी.ए :- त्यो हाम्रो खेत बारीमा पाइने र मलथुप्रोमा हुने गड्यौला र भर्मिकम्पोष्ट बनाउने गड्यौला फरक हुन आमा ।

बुढीआमा :- ए……….. त्यो त मलाई के थाहा छोरा ।

जे.टी.ए :- यो भर्मिकम्पोष्ट बनाउन प्रयोग हुने गड्यौला कृषकको लागी त ज्यादै गुण्कारी भित्र हो आमा । जसलाई सामान्य कुहिएको वा फोहर वस्तु खाई ३५/४० दिनमा स्तरीय मूल्यवान मलको रुपमा विरुवाको पोषकतत्व उत्पादन गर्छ ।

बुढीआमा :- लौ जे.टी.ए बाबु अव यस्को फाइदाको वारेमा मलाई बताउ ।

जे.टी.ए :- हाम्रो गाँउघरमा गोठबाट निकालिएको भकरो र अन्य समानहरु गड्यौलालाई खुवाई भएको मलमा नाइट्रोजन, फस्फोरस, पोटास तथा अन्य सुक्ष्मतत्व विरुवाको खाद्यतत्वमा ८० देखि १२५ प्रतिशत सम्म बृद्धि भएको पाइएको छ ।

बुढीआमा :- भनेपछि राम्रो मंल तया हुने रहेछ हैनत छोरा ।

जे.टी.ए :- हो आमा, यो मलको पी.एच ७ को हाराहारीमा हुने हुनाले दिर्घकालीन रुपमा माटोमा अम्लियपना पनि सन्तुलीत बनाउन मदत पर्दछ । साथै सुक्ष्यतत्व र भित्र जीवाणु पर्याप्त मात्रामा माटोमा बाटो विरुवाले पाउने हुदा विरुवामा कीरा र रोगको आक्रमण पनि कम हुने पाइन्छ बुढीआमा ।

बुढीआमा :- अनि छोरा हाम्रो खेतवारीमा भएको गडयौला होइन भन्यौ, मैले अलि कुरा बुझिन ।

जे.टी.ए :- गड्यौलाको ३००० प्रजाती हुन्छन आमा । त्यस मध्ये राम्रो मल बनाउने र धेरै मेहेनति उद्यमशिल जात चाही एउटा आइसीना फोटिडा भन्ने छ । अर्को चांही इयुड्रिलन इजुजिनी भन्ने छ । अनि अर्को चाही पेरियोनिक्स एक्सकेटिक्स भन्ने ३ जातको उपयुक्त भनिन्छ आमा ।

बुढीआमा :- ए........ यि चाही राम्रो मल बनाउने खालका गडयौला परे हैन जे.टी.ए बाबु ?

जे.टी.ए :- हो आमा, यो खालको गडयौलालाई बाच्नको लागी पर्याप्त चिस्यान र उपयुक्त विकासको लगी ५०/६० प्रतिशत चिस्यान हुन आवश्यक छ ? २० देखि २५ डिग्री सेन्टिग्रेड विचको तापक्रम उपयुक्त मानिन्छ ।

बुढीआमा :- यो गड्यौलाको आहारा के त जे.टी.ए/बाबु ?

जे.टी.ए :- गडयौलाको खाना भनेको कुहिएको, सडेको, फोहोर, मैला, घाँस, गोवर-ग्यासको मल, घरभान्छा आदीको जैविक बस्तु आदी हुन आमा ।

बुढीआमा :- यो गडयौला त अध्यारोमा बस्न मन पराउछ हैन जे.टी.ए बाबु ?

जे.टी.ए :- हो बुढी आमा । गडयौलाहरु रात्रीचर हुन । अध्यारो वा रातीको समयमा ज्यादा सक्रिय हुन्छन ।